# स्थानीय राजपत्र

यशोधरा गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ६)  संख्याः ४  मिति : माघ १९ गते २०७९


भाग : २

यशोधरा गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## यशोधरा गाउँपालिका स्वयंसेवक परिचालन कार्यविधि-२०७९

प्रस्तावना ;

प्रस्तावना : वर्तमान अवस्थामा गैर सरकारी संघ संस्था, नागरिक समाज र सरकारी निकायहरुबाट स्वास्थ, शिक्षा, विपद् व्यस्थापन, सार्वजनिक सेवा प्रवाह, आकस्मिक कार्यमा सहयोग, जनचेतना अभिवृद्धि, निसहायहरुको उत्थान, हेरचाह र स्वयंसेवी भावनाको प्रवर्द्धन जस्ता कार्यहरुमा स्वयंसेवक परिचानल गरी स्वयंसेवाको माध्यमबाट प्रभावकारी भूमिका र योगदान पुगिरहेको सन्दर्भमा यशोधरा गाउँपालिकाले अगाडि सारेका विभिन्न अभियानहरुको लक्ष्य प्राप्तिमा आवश्यकता अनुसार यस्तो स्वयं सेवा कार्यक्रम (Municipal Volunteering Program-MVP) लागु गरी व्यवस्थित तवरले सेवा लिन बाञ्छनीय देखिंदा यस गाउँपालिकामा त्यस्तो सेवाको प्राप्ती, व्यवस्थापन र परिचालन गर्ने उद्देश्यबाट यशोधरा गाउँपालिका गाउँ, कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागु गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम “स्वयंसेवक परिचालन कार्यविधि, २०७९” रहेको छ ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।
२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-
(क) “गाउँपालिका अध्यक्ष” भन्नाले यशोधरा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।
(ख) “गाउँपालिका उपाध्यक्ष” भन्नाले यशोधरा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।
(ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।
(घ) “गाउँपालिका” भन्नाले यशोधरा गाउँपालिकालाई सम्झनु पर्दछ ।
(ङ) “स्वयंसेवक” भन्नाले यस कार्यविधि बमोजिम यशोधरा गाउँपालिकामा सेवा प्रवाह गर्ने स्वमंसेवक सम्झनु पर्दछ ।
(च) “स्वयंसेवा” भन्नाले निस्वार्थ र स्वयंसेवी भावनाले स्वयंसेवकद्वारा प्रवाह गरिने सेवालाई बुझ्नु पर्दछ ।
(छ) “निर्देशक समिति” भन्नाले यो कार्यविधि बमोजिम स्वयंसेवक परिचालनका लागि दफा ९. बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

(ज) “छनौट समिति” भन्नाले स्वयंसेवा कार्यक्रम संचालनका लागि आवश्यक स्वयंसेवक छनौट गर्न दफा १० बमोजिम गठन भएको छनौट समिति सम्झनु पर्दछ ।

## परिच्छेद-२

## कार्यक्रमको परिचय तथा औचित्य, उद्देश्य र रणनीति

३. परिचय तथा औचित्य :

स्वयंसेवक सेवा एउटा व्यवसायिक एवम् संगठित क्षेत्रको रुपमा विकास हुँदै आएको र देश विकासको राष्ट्रिय लक्ष्य प्राप्तिमा योगदान पुर्‍याउनेतर्फ मुखरित हुँदै गएको कार्यक्रम हो । वर्तमान अवस्थामा स्वयंसेवी क्रियाकलापहरु सञ्चालन गर्न सरकारी निकायहरु, गैरसरकारी संघसंस्था, नागरिक समाज तथा अन्तराष्ट्रिय संघसंस्थाहरु क्रियाशील रहेका छन् । यस्ता निकाय एवम् संघसंस्थाहरुले स्वयंसेवी क्रियाकलापको सञ्चालन र स्वयंसेवक परिचालन गर्नेजस्ता कार्यहरुबाट स्वास्थ्य, शिक्षा, विपद् व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आकस्मिक कार्यमा सहयोग, जनचेतना अभिवृद्धि, निःसहायहरुको उत्थान/हेरचाह र स्वयंसेवी भावनाको प्रवर्द्धनजस्ता

कार्यहरुमा योगदान पुऱ्याइरहेका छन् । यस यशोधरा गाउँपालिकाको आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम अन्तरगत गाउँपालिकाको समग्र विकासका क्रियाकलापहरु तथा अन्य कल्याणकारी कार्यहरुमा स्वयंसेवक परिचालन गरी स्वयंसेवाको माध्यमबाट नगरपालिकाले अगाडि सारेका विभिन्न अभियानहरुलाई सफल तुल्याउने लक्ष्य लिएको छ । स्वयंसेवाको महत्वलाई समाज, टोल र वस्तीस्तरमा स्थापित गरी स्वयंसेवाको दायरालाई सामाजिक जीवनका अन्य आयामहरुमा विस्तार गरी समुदायस्तरबाटै स्वयंसेवी क्रियाकलापहरु अगाडि बढाउने नीति यस गाउँपालिकाले लिएको सन्दर्भमा यो नगर स्वयंसेवा कार्यक्रम (Municipal Volunteering Program-MVP) लागू गरिएको छ ।

४. उद्देश्य :

नगरवासीहरुमा स्वयंसेवाको भावना विकास गरी स्वयंसेवाको माध्यबाट यस यशोधरा गाउँपालिकाको समग्र विकासका क्रियाकलापहरुमा योगदान पुऱ्याउने मूख्य उद्देश्य यस कार्यक्रमको रहेको छ । अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) गाउँपालिकाले सञ्चालन गर्ने विभिन्न विकास तथा लोककल्याणकारी क्रियाकलापमा जनसहभागिता जुटाउने ।

(ख) गाउँवासीहरुमा आफ्नो नगरप्रति अपनत्वको भावना सिर्जना गर्ने ।

(ग) स्वयंसेवी भावनाको प्रवर्द्धन र स्वयंसेवकको रुपमा सेवा गर्न चाहने व्यक्ति तथा संस्थाहरुलाई परिचालन गरी गाउँ विकासको अभियानमा सहयोग पुऱ्याउने ।

(घ) युवा वर्गमा नेतृत्व सीपको विकास गर्ने ।

(ङ) स्वयंसेवालाई व्यक्तिको जीवन पद्दतिको रुपमा विकास गर्ने ।

(च) गाउँपालिका क्षेत्रका विकासका क्रियाकलापहरुमा अपनत्वको भावना विकास गरी दिगो विकासमा सघाउ पुऱ्याउने ।

(छ) विभिन्न संघ संस्था तथा संगठनमा आबद्ध व्यक्तिहरुमा स्वयंसेवाको भावनाको विकास गरी उनीहरुको सीप, क्षमता, प्राविधिक ज्ञानको उपयोग गर्ने ।

(ज) स्वयंसेवाको महत्वलाई समाज र स्थानीय स्तरमा स्थापना गरी यसलाई अभियानकै रुपमा अगाडि बढाउने ।

(झ) स्वयंसेवाको माध्यमबाट सार्वजनिक सेवा प्रवाहमा महत्वपूर्ण योगदान पुऱ्याउने ।

(ञ) सामाजिक परिचालन, आयआर्जन प्रबर्द्धन, स-साना पूर्वाधार, जनचेतना अभिवृद्धि, साक्षरता अभिवृद्धि, स्थानीय प्रविधि प्रवर्द्धन, शिक्षा, स्वास्थ्य, खेलकूद, सरसफाई, विपद् व्यवस्थापन, वातावरण संरक्षण, कृषि, पशुपालन, सार्वजनिक सेवा प्रवाहजस्ता क्षेत्रहरुमा स्वयंसेवक परिचालन गर्ने ।

५. रणनीति :

यस कार्यक्रममा रणनीतिहरु देहाय अनुसार छन् :

(क) विकास कार्य तथा सार्वजनिक सेवा प्रवाहमा सहजीकरण गर्न युवा लगायत विभिन्न विषय र क्षेत्रका व्यक्तिहरुलाई स्वयंसेवकको रुपमा परिचालन गर्ने ।

(ख) विपद्को अवस्था र अन्य आकस्मिक कार्यमा स्वयं सेवा मार्फत सहयोग पुऱ्याउने ।

(ग) स्वयंसेवाको क्षेत्रमा गरिएका राष्ट्रिय/अन्तर्राष्ट्रिय अभ्यासहरुको आधारमा स्वयंसेवा सम्बन्धी जागरण एवं प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने ।

(घ) गाउँपालिकाका विकास साझेदारहरु र राष्ट्रसेवकहरु सँग मिलेर काम गर्ने ।

## परिच्छेद-३

## स्वयंसेवा परिचालनका क्षेत्रहरु र स्वयंसेवक सम्बन्धी व्यवस्था

६. स्वयंसेवा परिचालनका क्षेत्रहरु : यशोधरा गाउँपालिकामा स्वयंसेवा परिचालनका क्षेत्रहरु देहाय अनुसार हुनेछन्

(क) सामाजिक परिचालन, सामुदायिक विकास

(ख) आय आर्जन

(ग) स-साना पूर्वाधार निर्माण

(घ) जनचेतना अभिवृद्धि

(ङ) साक्षरता अभिवृद्धि

(च) स्थानीय प्रविधि प्रवर्द्धन

(छ) स्वास्थ्य सेवा

(ज) कृषि तथा पशुपालन

(झ) सरसफाई तथा फोहोरमैला व्यवस्थापन

(ञ) विपद् व्यवस्थापन

(ट) वातावरण संरक्षण, वन तथा वन्यजन्तु संरक्षण

(ठ) महिला सशक्तिकरण, बालबालिका र जेष्ठ नागरिक

(ड) नागरिक सुरक्षा र कल्याण

(ण) गाउँपालिकाले आवश्यक देखेका अन्य क्षेत्रहरु

७. स्वयंसेवकको वर्गिकरण :

(१) दफा ६ बमोजिमका स्वयंसेवक परिचालन गर्न सकिने क्षेत्रहरुका लागि गाउँ कार्यपालिकाले कामको प्रकृति अनुसार आवश्यक योग्यता, दक्षता र अनुभव समेतको आधारमा देहाय बमोजिम स्वयं सेवकको वर्गिकरण गरी स्वयं सेवाको कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्न सक्नेछ ।

(क) विशेषज्ञ सेवा ( Specialist volunteers )

(ख)प्राविधिक स्वयंसेवक (technical volunteers)

(ग) स्वास्थ्य स्वयंसेवक (Health volunteers)

(घ) कार्यालय सहयोगी स्वयंसेवक (Office Healper volunteers)

(ङ) सहायक कम्प्युटर स्वयसेवक (Asst. computer volunteers )

(च) माली , पाले, गाउँ प्रहरी अन्य समेत ।

(२) दफा ७ (१) (क) बमोजिमको विशेष सेवा विदेशी नागरिकबाट प्राप्त हुने अवस्था देखिएका त्यस्तो सेवा लिनु पूर्व संघीय सरकारको स्वीकृत लिनु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम प्रथम चरणमा दफा ७ (१) (ग) बमोजिम युवा स्वयंसेवकको व्यवस्थापन र परिचालन गरी स्वयंसेवा कार्यक्रम संचालन गरिनेछ ।

८. युवा स्वयंसेवक सम्बन्धी व्यवस्था :

(१) यस कार्यविधि बमोजिम स्वयंसेवा परिचालन गर्न सकिने क्षेत्रमा काम गर्न युवा स्वयंसेवकको व्यवस्था गरिनेछ, जसलाई गाउँ युवा स्वयंसेवक (Municipal Youth Volunteer) र छोटकरीमा MYV भनिने छ ।

(२) गाउँपालिका युवा स्वयंसेवकको रुपमा काम गर्न चाहने व्यक्तिको योग्यता देहाय अनुसार हुनेछ ।

(क) गाउँपालकाका क्षेत्रभित्र स्थायी बसोबास गरेको नेपाली नगरिक ।

(ख) शारीरिक तन्दुरुस्ती भएको ।

(ग) १८ वर्ष उमेर पूरा भएको र ४५ वर्ष ननाघेको महिला वा पुरुष युवा ।

(घ) चाल चलन राम्रो भएको, कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(ङ) सेवा तथा पद अनुसारको शैक्षिक योग्यता भएको ।

(च) तोकिएको ठाउँमा काम गर्न प्रतिवद्धता भएको ।

(छ) स्वयंसेवीको रुपमा काम गर्न तत्पर र प्रतिवद्ध रहेको ।

(ज) सम्बन्धीत पदको लागि गाउँपालिकाका क्षेत्रभित्र स्थायी बसोबास गरेको नेपाली नगरिक नभेटिएमा जिल्ला ,प्रदेश भित्रकोलाई कमश ग्रहिता दिइनेछ ।

(झ)सम्बन्धीत पदको लागि लोकसेवा आयोगले तोके बमोजिमको शैक्षिक योग्यता हुनु पर्ने छ ।

(३) स्वयंसेवकको रुपमा पारिचालित हुने गाउँ युवा स्वयंसेवकको आवश्यक संख्या गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) गाउँ युवा स्वयंसेवकको छनौट र परिचालन सम्बन्धी व्यवस्था यसै कार्यविधिमा उल्लेख भए अनुसार हुनेछ ।

## परिच्छेद-४

निर्देशक समिति तथा स्वयंसेवक छनौट सम्बन्धी व्यवस्था

९. निर्देशक समिति :

(१) गाउँपालिकामा यस कार्यविधि बमोजिम स्वयंसेवा परिचालन गर्न सकिने क्षेत्रहरुमा स्वयंसेवकको व्यवस्थापन, परिचालन र नीतिगत व्यवस्थाका लागि एउटा निर्देशक समिति रहने छ, जसको गठन देहाय अनुसार हुनेछ ।

(क) गाउँपालिका अध्यक्ष	- संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) आर्थिक प्रशासन शाखा  - सदस्य

(घ) प्रशासन शाखा  - सदस्य

(ङ) सम्बन्धीत शाखा प्रमुख -सदस्य सचिव

**(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :**

(क) स्वयंसेवा परिचालन कार्यक्रमलाई व्यवस्थित बनाउने, स्वयंसेवा परिचालनका थप क्षेत्रहरु पहिचान गरी कार्यक्रम विस्तार गर्ने ।

(ख) कामको प्रकृतिको आधारमा यस कार्यविधि बमोजिम योग्यता, दक्षता र अनुभवका आधारमा स्वयं सेवकको वर्गिकरण गर्ने, योग्यता तोक्ने र त्यस्ता योग्य व्यक्तिहरुबाट स्वयंसेवा लिन सक्ने वातावरण निर्माण गर्ने ।

(ग) विभिन्न स्वयंसेवकहरुको सेवा लिने निर्णय गर्ने ।

(घ) परिचालित स्वयंसेवकको मूल्याङ्कन गरी पुरस्कृत गर्ने, खराव आचरण भएमा सेवाबाट हटाउने ।

(ङ) गाउँ कार्यपालिकाले तोकेको भन्दा बढी संख्यामा स्वयंसेवकको सेवा लिन आवश्यक परेमा संख्या तोकी  गाउँ कार्यपालिकामा पेश गर्ने ।

(च) स्वयंसेवा परिचालित क्षेत्रहरुमा कार्यरत स्वयंसेवकहरुको कामको लेखाजोखा गर्ने, विभिन्न श्रोतबाट प्राप्त हुने सूचनाका आधारमा यस कार्यक्रमको समग्र मूल्याङ्कन गरी भावि रणनीति तय गर्ने ।

(छ) स्वयंसेवा परिचालन सम्बन्धी नीतिमा आवश्यक परिमार्जन गरी गाउँ कार्यपालिकामा सिफारिस गर्ने ।

(ज) निर्देशक समितिले आवश्यक ठानेका स्वयंसेवा परिचालन सम्बन्धी अन्य कार्यहरु गर्ने ।

१०. गाउँ युवा स्वयंसेवक छनौट सम्बन्धी व्यवस्था :

(१) यस कार्यविधि बमोजिम गाउँ युवा स्वयं सेवक छनौट गरी सिफारिश गर्न देहाय बमोजिमको छनौट समिति रहने छ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) कर्मचारी प्रशासन शाखाका प्रमुख - सदस्य

(ग) छनौट समितिले आवश्यकतानुसार आमन्त्रण गरेको विषय विज्ञ - सदस्य

(घ) सम्बन्धीत शाखाका अधिकृत - सदस्य सचिव

(२) गाउँ युवा स्वयंसेवकको स्वयंसेवा प्राप्त गर्न देहायको प्रक्रिया अवलम्बन गरी आवेदन माग गरिनेछ ।

(क) यस कार्यविधि बमोजिमको योग्यता खुलाई कम्तीमा ७ दिनको सूचना प्रकाशित गरी इच्छुक व्यक्तिहरुबाट आवदेन मागिनेछ । आवेदनको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ ।

(ख) खण्ड (क) बमोजिमको सूचना गाउँपालिकाको वेवसाइट र अन्तरगतका सबै वडाहरुको सूचना पाटीमा टाँस गरी सार्वजनिकीकरण गर्ने ।

(ग) छनौटका लागि अन्तरवार्ताको मिति, समय र स्थान सोही सूचनामा उल्लेख गर्ने ।

(३) नगर युवा स्वयंसेवकको छनौट अन्तरवार्ताबाट गरिने छ । अन्तरवार्ताको अङ्क विभाजन देहाय अनुसार हुनेछ ।

(क) न्यूनतम शैक्षिक योग्यता वापत - ३५ अङ्क

(श्रेणी/ग्रेड अनुसार -३५, ३०, २५)

(ख) अनुभव वापत - १५ अङ्क

(३ वर्ष,२ वर्ष र १ वर्षका लागि-१५, १०, ५)

(ग) अन्तरवार्ता - ४० अङ्क

(घ) स्थानीय बसिन्दा - १० अङ्क

(स्थानीयको हकमा -१०, जिल्ला भित्र ५ र अन्यको हकमा ० अङ्क)

जम्मा - १०० अङ्क

(घ) माथी उल्लेखित आधारमा उच्चतम अंक प्राप्त गर्ने स्वंसेवकलाइ क्रमश : छनौट गरी सेवामा लगाइने छ ।

(ङ) अन्तरवार्तामा उम्मेदवारको व्यक्तित्व, सकारात्मक धारणा, स्वयंसेवा प्रतिको आकर्षण र प्रतिवद्धता, समूहमा रही काम गर्न सक्ने दक्षता र नेतृत्व क्षमता जस्ता विषयहरुको गहन रुपले परीक्षण गरी मूल्याङ्कन गरिनेछ ।

(च) खण्ड (ङ) को आधारमा आवश्यक संख्यामा स्वयंसेवक छनौट गरिनेछ । यसरी छनौट गर्दा गाउँपालिकाको भूगोल, जातजाती र महिला/पुरुष सहितको समावेशी प्रक्रिया अवलम्बन गरिनेछ ।

(छ) खण्ड (च) बमोजिमको छनौट सूचीमा कम्तीमा २०% उम्मेदवारको प्रतिक्षा सूची समेत राखी निर्देशक समितिमा सिफारिश गरिने छ ।

(ज) छनौट समितिले खण्ड (च) र (छ) बमोजिमको सूची तयार गर्दा उम्मेदवारको योग्यता, अनुभव र रुची समेतको आधारमा सेवा क्षेत्र पहिचान गरी सिफारिश गर्न सक्नेछ ।

**११. स्वयंसेवक नियुक्ति र परिचालन :**

(१) निर्देशक समितिले दफा १० (४) को खण्ड (छ) बमोजिम छनौट समितिबाट सिफारिस भै आएका उम्मेदवारहरुलाई स्वयंसेवकमा नियुक्ति गर्ने निर्णय गरी छनौटको अन्तिम सूची प्रकाशन गरिनेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृतले स्वयंसेवकलाई स्वयंसेवामा लिने गरी काम कर्तव्य सहितको नियुक्ति पत्र दिनेछन् ।

(३) स्वयं सेवामा लिने निर्णय भै छनौटमा परेका कुनै उम्मेदवारले ५ (पाच) दिन सम्म नियुक्तिको लागि सम्पर्क राख्न नआएमा प्रतिक्षा सूचीबाट क्रमानुसार नियुक्ति गरिनेछ ।

(४) नियुक्ति पाई स्वयंसेवामा रहेका गाउँ युवा स्वयंसेवकले नियुक्तिको १ (एक) वर्ष भित्र जुनसुकै कारणबाट सेवाबाट अवकाश लिएमा प्रतिक्षा सूचीमा रहेका व्यक्तिलाई नियुक्ति दिइनेछ ।

(५) गाउँ युवा स्वयंसेवकको सेवा अवधि बढीमा १ (एक) वर्षको हुनेछ । निजको कार्य सम्पादन सन्तोषजनक भएमा र गाउँपालिकालाई त्यस्तो सेवा आवश्यक भएमा निर्देशक समितिले निजको अवधि पुनः थप गर्न सक्नेछ ।

(६) गाउँ युवा स्वयंसेवकको खटन पटन र परिचालन गाउँपालिका अध्यक्ष, गाउँपालिका उपा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको निर्देशनमा गाउँपालिकाको सम्बन्धीत शाखा हेर्ने अधिकृतले गर्ने छन् । स्वयंसेवामा लिइएका स्वयंसेवकहरुको व्यक्तिगत अभिलेख लगायतको सबै विवरण अद्यावधिक राख्ने कार्य समेत सम्बन्धीत शाखाबाट हुनेछ ।

(७) छनौट भएका गाउँ युवा स्वयंसेवकलाई आवश्यकतानुसार अभिमुखीकरण तालिम दिइनेछ ।

परिच्छेद-५

**आचरण, अवकाश र अन्य व्यवस्था**

१२. स्वयंसेवकको आचरण :

(१) यस कार्यविधि बमोजिम गाउँपालिकामा आवद्ध हुने स्वयंसेवकले देहाय बमोजिमको आचरण पालना गर्नु पर्नेछ ।

(क) खटिएको स्थान र कार्यमा इमान्दारीपूर्वक सेवा प्रवाह गर्ने । आफ्नो सेवा प्रवाह वारे गाउँपालिकामा प्रतिवेदन पेश गर्ने ।

(ख) कामको प्रकृति अनुसार गाउँपालिकाद्वारा उपलव्ध गराइएका उपकरण, जिन्सी सामाग्रीको संरक्षण गर्ने, काम सम्पन्न भए पछि गाउँपालिकामा बुझाउने ।

(ग) गाउँपालिकाका पदाधिकारीहरु उपर आदरभाव प्रकट गर्ने, समुदाय र सर्वसाधारण प्रति सद्भाव कायम राख्ने ।

(घ) मीठो बोली, बचन र राम्रो व्यवहार प्रदर्शन गर्ने ।

(ङ) कार्य स्थलमा वा अन्य जुनसुकै अवस्थामा पनि अनुकरणीय आचरणमा रहने ।

(च) गाउँपालिकाले तोकेका अन्य आचरणहरुको पालना गर्ने ।

(२) उपदफा (१) मा उल्लेख भएका आचरणको पालना स्वयंसेवकको मूल्याङ्कनको आधार हुनेछ ।

१३.अवकाश :

(१) स्वयंसेवकलाई देहायको अवस्थामा सेवाबाट अवकाश दिइनेछ ।

(क) तोकिएको उमेर अवधि पूरा भएमा ।

(ख) शारीरिक वा मानसिक रुपले असक्त भएमा ।

(ग) दफा १२ बमोजिमको आचरण वारम्वार उल्लंघन गरेमा ।

(घ) कार्य स्थलमा मादक पदार्थ सेवन गरी हो हल्ला गर्ने, सर्व साधारणलाई आतंकित गर्ने वा कसै प्रति दुर्व्यवहार गर्ने र समुदाय प्रति नकारात्मक व्यवहार प्रदर्शन गरेमा ।

(ङ) स्वयंसेवाको भावना विपरित लोभलाल्चा देखाउने, आफूले प्रतिवद्धता जनाएको सेवा प्रवाहमा लापरवाही गर्ने ।

(च) खराब आचरणका कारणले यस्ता व्यक्तिलाई सेवामा राखि राख्दा गाउँपालिका प्रति नकारात्मक असर पर्ने भएमा ।

(छ) कुनै फौजदारी अभियोगमा गिरफ्तार भै थुनामा रहेमा ।

(२) उपदफा (१) को खण्ड (ग) (घ) (ङ) र (च) बमोजिमको कसूरमा स्वयं सेवाबाट अवकाश दिनु अघि त्यस्तो व्यक्तिलाई सफाईको मौका दिई स्पष्टिकरण सोधिने छ । त्यस्ता व्यक्तिले सफाई नदिएमा वा प्राप्त सफाई सन्तोषजनक न भै सम्बन्धीत शाखाको सिफारिसको आधारमा सेवाबाट प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो स्वयं सेवकलाई अवकाश दिइने छ ।

**१४. पुरस्कार तथा सम्मान :**

स्वयंसेवकले सम्पादन गरेको कामको मूल्याङ्कनको आधारमा निर्देशक समितिको सिफारिशमा गाउँपालिकाले उत्कृष्ट स्वयंसेवकलाई पुरस्कृत वा सम्मान गर्ने व्यवस्था गर्नेछ ।

१५. पोषाक सम्बन्धी व्यवस्था :

(१) प्रबिधीक , प्रशासनिक स्यम सेवकको हकमा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(२) गाउँपालिकाले पाले,स्वीपर, सवारी चालक,गाउँ प्रहरी, जस्ता स्वयंसेवकलाई स्वयंसेवाको लोगो अंकित पोषाक उपलव्ध गराउनेछ । यस्तो पोषाकको रङ्ग, डिजाइन र अवधि निर्देशक समितिले तोके बमोजिम हुनेछ ।

(३) स्वयंसेवकको कामको प्रकृति अनुसार गाउँपालिकाले विभिन्न उपकरण र मसलन्द उपलव्ध गराउनेछ ।

१६. तलब वा पारिश्रमिक :

स्वयंसेवकलाई गाउँपालिकाबाट निर्वाह खर्च , पारिश्रमिक गाउँ सभाले तोके बमोजिम हुनेछ । यसमा　कसैको दावी रहने छैन ।

१७. स्वयंसेवक कार्यक्रमको लोगो :

स्वयंसेवा कार्यक्रमको लोगो अनुसूची-२ बमोजिम हुनेछ ।

१८. कार्यविधिको पालना गर्नुपर्ने :

यस कार्यविधि बमोजिम नियुक्ति भएका स्वयंसेवक र अन्य सम्वद्ध सबै पक्षले यो कार्यविधिको पालना गर्नुपर्नेछ ।

१९. कार्यविधिको व्याख्या र कार्यविधिमा संशोधन सम्बन्धी व्यवस्था :

(१) यो कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा वा अस्पष्टता उत्पन्न भएमा निर्देशक समितिले गरेको व्याख्या अन्तिम हुनेछ ।

(२) यो कार्यविधिमा कुनै थपघट वा संशोधन गर्नु परेमा निर्देशक समितिको सिफारिशमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ र त्यस्तो संशोधन यशोधरा गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

२०. बचाउ :

यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसूची-१**

(दफा १० (३) (क) सँग सम्बन्धित)

| |
|---|
| हालसाल खिचेको पासपोर्ट साइजको पुरै मुखाकृती देखिने फोटो र आबेदनमा पर्ने गरी दस्तखत |

विषयः स्वयंसेवकको लागि आवेदन पेश गरेको ।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको

कार्यालय, बैदौली कपिलबस्तु ।

महोदय,

तंहा कार्यालयबाट प्रकाशित सूचना अनुसार मलाई स्वयंसेवकको रुपमा काम गर्न इच्छा भएकोले निम्नानुसारको विवरण पेश गरी आवेदन पेश गरेको छु ।

क) वैयक्तिक विवरण

<table>
<tr><td rowspan="2">नाम थर</td><td colspan="2">नेपालीमा</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">अंग्रेजी ठूलो अक्षरमा</td><td></td><td>लिङ्गः</td></tr>
<tr><td colspan="3">नागरिकता नं.:</td><td colspan="2">जारी गर्ने जिल्ला र मिति :</td></tr>
<tr><td colspan="2">स्थायी ठेगाना :</td><td>जिल्ला :</td><td colspan="2">न.पा. ⁄ गा.पा. :<br>वडा नं. :</td></tr>
<tr><td colspan="3">टोल :</td><td colspan="2">सम्पर्क नं. :</td></tr>
<tr><td colspan="3">जन्म मिति :</td><td colspan="2">बाबुको नाम :</td></tr>
<tr><td colspan="3">इमेल :</td><td colspan="2">बाजेको नाम :</td></tr>
<tr><td colspan="5">पत्राचार गर्ने ठेगाना :</td></tr>
</table>

**ख) शैक्षिक योग्यता विवरण :**

| सि.न. | उत्तीर्ण शैक्षिक योग्यता | विद्यालय ⁄ बोर्ड आदिको नाम | उत्तीर्ण गरेको साल | श्रेणी ⁄ ग्रेड |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

ग) संलग्न प्रतिलिपी संख्या ।

घ) अनुभव सम्बन्धी विवरण :

<table>
<tr><td rowspan="2">सि.न.</td><td rowspan="2">कुनै संस्थाको अनुभव भए खुलाउने</td><td rowspan="2">कुनै संस्थाको अनुभव भए खुलाउने</td><td colspan="2">अवधी</td><td rowspan="2">कैफियत</td></tr>
<tr><td>देखि</td><td>सम्म</td></tr>
<tr><td>१</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | | | | | |

मैले माथी उल्लेख गरेका सम्पूर्ण विवरण सत्य छन् । स्वयंसेवाको भावनाले प्रेरित भई स्वयंसेवकको रुपमा सेवा दिने इच्छाबाट यो आवेदन गरेको छु । तोकिएका शर्तहरुको पालना गर्न प्रतिवद्ध छु भनी हस्ताक्षर गर्ने -

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखतः |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मितिः |

द्रष्टव्य : यो आवेदनको साथमा नागरिकता प्रमाण-पत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रतिलिपी र अनुभवको प्रमाणको प्रतिलिपी आफैले प्रमाणित जारी पेश गर्नु पर्नेछ ।

अज्ञाले

तेज बहादुर सिंह

प्रमुख प्रशासकीय अधिकृत